## स्वालम्वन...

जुटाएर पैसा नदिने बाहानामा संस्था लागी परेको समेत आरोप लगाएकी छिन् ।यता संस्थाले उक्त महिलाको सहि छाप सहितको कागजात हेराउँदै पैसा लगेको जिकिर गरे । संस्थाका गाईघाट शाखा प्रमुख राजु वस्नेतले ती महिलाले पैसा लगेको जनाएको छ । बस्नेतले कागजात नै ठुलो प्रमाण रहेको जनाउँदै बाँकी अन्य कानुनी निकायमा जासुकै गए पनि त्यो बाटो खुल्ला रहेको बताए । ती महिलाले आफुले पैसा नलगेको भन्दै गर्दा संस्थाले लगिसकेको भनेर देखाएपछि एमाले नेता इश्वरमणी राउतलाई समेत लगेर अफिस गएका थिईन् । त्यो वेला पनि कागज देखाएर पैसा लगेको भन्दै संस्थाले फर्काएका थिए ।

महिलाले आफ्नो किर्ते सहि छाप गरेको आरोप लाउँदै त्यसका लागि सम्बन्धित ठाउँमा आफ्नो ल्याप्छेको परीक्षण गर्न माग समेत गरेकी छिन् । मैले पैसा लगेको भए अहिले मरूम, म यस्तो बुढी भएको मान्छे मलाई किन झुठो अनि यत्रो लफडा गर्नु पर्ने थियो र ? उनले भनिन" पेन्सन बचत निकाल्ने समय भएपछि उनले पैसा निकाल्ने समय भयो होला है सर भन्दै अफिसमा सोधिन, अफिसले तपाईको पेन्सन पाक्यो निकाल्न पाईन्छ भन्यो, तर उनिले त्यो बेला पेन्सन भने लिन नगएको बताईन् । तर पछि आवश्यक परेको बेला पैसा लिन जाँदा पैसा लगेको अफिसबाट आफुलाई बताएको उनको भनाई छ ।

ती महिलाका अनुसार आफुलाई बिरामी भएपछि पेन्सन बचत झिक्न जाँदा पैसा लगिसेको जनाएपछि आफु छागाबाट खसेझै भएको बताईन् । पेन्सन पाकेको थाहा पाएर आफुले अफिसमा बुझ्दा अफिसबाट पाक्यो तपाईको निकाल्न सकिन्छ भन्यो, तर त्यो समयमा आफु जान नपाएको महिलाको भनाई छ । तर पछि विरामी भएर आफ्नो पेन्सन लिन जाँदा भने लगिसेको देखाएपछि ती महिलालाले भने क्यास पैसा आफुले नलगेको जनाईन् । उनले भनिन् आपतमा मैले पैसा झिक्न जाँदा उल्टै लगेको देखायो मैले लगेको छैन् यहि चित्त नबुझेर म बिद्रोहमा लागेकी हुँ । आफुलाई संस्थाले डुवाउनु र छलपकट गर्न खोजेको भन्दै न्याय गर्न उनिले नेपाल कम्युनिष्ट पार्टी र अहिलेको संघर्ष समितिलाई समेत आग्रह गरिन् । उनिकै आग्रहमा त्यहाँ अन्य पिडित महिलाहरूले समेत आफुहरू पनि त्यस संस्थाबाट पिडिट रहेको जनाईन् । उक्त कार्यालयमा महिलाहरूे शुक्रबार आफ्नो समस्या राख्न ठुलो संख्यामा उपस्थित जनाउँदै अन्य क्रियाकलापहरू चाल्ने समेत जनाईन् ।

देउरी चोकको ती बृद्धा महिला चिया ब्यापार गरेर जिविका पार्जन गर्दै आएको जनाउँछन् । लघुवित्त महिलाहरूको सहयोग र टेवामा आधारित होला भन्ने बुझेर त्यहाँबाट ऋण लिने काम गर्दै आफु सदस्य समेत बनेको जनाईन् । तर आफुले नलगेको पैसा लगेको देखाउँदा संस्थाले चित्त बुझ्दो काम नगरेको उनिले बताईन् । उनले आफ्नो दुई छोराको कसम खाँदै आफुलाई यो अवस्थामा लफडा गर्न लाज लाग्ने भएपनि संस्थाको छलपकटले बाध्य बनाएको जनाईन् । उनले आफुमाथी संस्थाले किर्ते काम गरेको समेत पटक पटक आरोप लगाईन् । उनले आफ्नो गुणासो बाराम्वार संस्थामा राख्न आउँदा अफिसबाट नराम्रा गाली र शब्दहरू समेत सहनु परेको जनाईन् ।

आफु अफिसमा पुग्ने बित्तिकै अफिसले यो फटाईं आईमाई किन आउँछ बाराम्वार पैसा लगरे पनि भन्दै नराम्रा शब्दहरू प्रहार गरेको समेत ती महिलाका भनाई छ । यता संस्थाले प्रमाणको आधारमै ती महिलाले पैसा लगेको बाराम्वार बताउँदै आए । संस्थाका प्रमुख राजु बस्नेतले त्यहाँ पुग्ने जो कोहीलाई कागज देखाउँदै यो भन्दा ठुलो पैसा लगेको प्रमाण अरू केही नभएको जनाए । अफिसले पछिल्लो समय मोवाईल बैंकिङको नाममा समेत सदस्यहरू बाट पैसा असुल्दै आएको छ । तर कतिपय अनपढ र मोवाईल चलाउन नजान्ने सोझोसाझा महिलाहरूलाई त्यसबारे केही पनि थाहा छैन् । ब्यक्ति अनुसार प्रविधि प्रयोग गर्न जान्ने वा नजान्ने त्यो पनि संस्थाले परिक्षण नगरी मोवाईल बैंकिङ भन्दै पैसा लिने गरेको जनाईन् । महिलाले पैसा नलगेको दावी बाराम्वार गर्दा यता संस्थाले भने लगेको प्रमाण पेस गरेका छन् । महिलाले पैसा लगेकै हो या संस्थाले छलपकटमा प्रमाण बनाएको बारे संम्बन्धित निकायले अनुसन्धान गर्नु पर्ने संघर्ष समितिले समेत जनाए । त्यसका लागि सम्बन्धि निकायले सत्यतथ्य छानविन गर्नु पर्ने समेत पिडितको माग छ । ती महिलाको मौखीक समस्या र संस्थाको प्रमाण सहितको कागज कति ठिक होला त्यो भने सम्बन्धित निकायले हेरी समस्याको समधान गर्नुनै पर्ला । उनिले आफ्नो सहि र ल्याप्चेहरू सत्यतथ्य रूपमा परिक्षण हुनु पर्ने समेत माग राखिन् ।




# कटारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कटारी, उदयपुर

**करार सेवामा पशु र कृषि कर्मचारी भर्ना सम्बन्धि सूचना ।**

**सूचना प्रकाशन मिति २०७९/१२/२६**

नेपाल सरकारको आ.व. २०७९/८० को बजेट बक्तव्य अनुसार स्थानीय तहमा कृषि स्नातक व्यवस्था गर्ने लक्ष्य अनुरुप कटारी नरपालिकामा समेत सो व्यवस्था भएकाले स्थानीय तहमा कृषि स्नातक परिचालन कार्यविधि २०७९ को दफा ५ को (१) क, ख बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिबाट १५ दिनभित्र कटारी नगरपालिकाको कृषि विकास शाखामा निर्धारित ढाँचाको फाराम भरी दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | सेवा/समूह | उप समूह | माग संख्या |
|---|---|---|---|---|---|
| १ | २०७९/८०/०१ | कृषि स्नातक (छैठौं तह) | प्राविधिक | कृषि | १ |
| २ | २०७९/८०/०२ | पशु चिकित्सक (छैठौं तह) | प्राविधिक | भेटेरिनरी | १ |

१ **परिक्षाको किसिमः** लिखित र अन्तर्वार्ता (लिखित परिक्षाको माध्यम भाषा र किसिम अग्रेजी/नेपाली/दुवै) हुन सक्नेछ ।

२ **परिक्षा हुने मितिः** २०८०/०१/११

३ **दरखास्त दस्तुरः** १०००/- दरखास्त दस्तुर यस कार्यालयको राष्ट्रिय बाणीज्य बैंक लि. खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नुपर्नेछ ।

४ **दरखास्त पाईने र बुझाउने स्थानः** कटारी नगरपालिका कृषि विकास शाखा वा कटारी नगरपालिकाको Web Site : www.katarimun.gov.np मा download गरी बुझाउन सक्नु हुनेछ ।

५ **अन्तर्वाता मितिः** लिखित परिक्षाको नतिजा प्रकाशन गर्दा प्रकाशन गरिनेछ ।

६ **आवश्यक शैक्षिक योग्यताः** कृषि स्नातक प्राविधिक हुन न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ ।

**(क) कृषि तर्फः** कृषि विज्ञानबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक उर्तिण भएको हुनुपर्नेछ ।

**(ख) पशु तर्फः** पशुपन्छी विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा B.V.Sc/A.H/B.V.Sc वा सो सरह स्नातक तह उर्तिण गरेको नेपाल पशु चिकित्सा परिषदबाट दर्तावाला पशु चिकित्सक हुनुपर्नेछ ।

**७ आवश्यक कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाण पत्र ।
- शैक्षिक योग्यताको प्रमाण पत्र ।
- कम्प्यूटर डिप्लोमाको प्रमाण पत्र ।
- दरखास्त दस्तुर तिरेको सक्कलै भौचर ।
- पासपोर्ट साईजको फोटो २ प्रति ।

प्रमुख प्रशासकिय अधिकृत

